बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग
नेपाल

# प्रेस विज्ञप्ती

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीबीच २०८२/०४/०६ गते सोमबार ११:०० बजे राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, पुल्चोकमा शिष्टाचार भेटघाट र छलफल भयो। दुबै आयोगबीच सहयोग, समन्वय र सहकार्य गर्ने तथा राष्ट्रिय मानव अधिकार आयोगमा रहेका सूचना, विवरण, जानकारी र उजुरी तथा संक्रमणकालीन न्यायका विविध पाटाहरूका विषयमा छलफल केन्द्रित हुनुको साथै पीडितलाई केन्द्रविन्दुमा राखी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको ४ वर्षे कार्ययोजना र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०८२ को मस्यौदा निर्माण गर्नुपर्ने कुरामा जोड दिइएको थियो। औपचारिक भेटघाटमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगर माननीय सदस्यहरू श्री सूर्य प्रसाद शर्मा ढुंगेल, श्री मिहिर ठाकुर, श्री मनोज दुवाडी र श्री लीली थापा तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका अध्यक्ष श्री लीलादेवी गडतौला, सदस्यहरू श्री गोपालनाथ योगी, श्री अग्नी प्रसाद थपलिया, श्री श्रृजना पोखरेल र श्री विनिता नेपाली हुनुहुन्थ्यो। उक्त भेटघाटमा दुवै आयोगका सचिवहरूको समेत सहभागिता रहेको थियो।

श्री श्रृजना पोखरेल
सदस्य/प्रवक्ता

श्रृजना पोखरेल सिवाकोटी
सदस्य/प्रवक्ता